# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ११ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदी र मौरिससका प्रधानमंत्री नवीनचन्द्र रामगुलामबीच आज वाराणसीमा द्विपक्षीय वार्ता भएको छ ।

२. मुख्यमन्त्री ममता ब्यानर्जीले स्वामी विवेकानन्दले सन् 1893 मा शिकागोमा आयोजित 'विश्व धर्म महासभा'-मा दिएका त्यस ऐतिहासिक भाषणले आज पनि सारा ससारलाई प्रेरित गरिरहेको बताउनु भएको छ ।

३. नेपालको अस्थिर स्थितिलाई मध्यनजर गर्दै त्यहाँबाट फर्किरहेका मानिसहरूको सहयोगको लागि दार्जीलिङ जिल्ला पुलिसले पानीट्याङ्कीमा एउटा सहायता केन्द्र खोलेको छ।

४. खरसाङको नयाँबजार सार्वजनिक भवनमा आयोजना गरिएको 'द्वारे सरकार' तथा 'एपीएएस' शिविरको निरीक्षण श्रम विभागका अतिरिक्त सचिव सहन सेनले गर्नुभयो।

५. मौसम विभागले भोलीदेखि उत्तर बङ्गालमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

**प्रधानमंत्री-वाराणसी**

प्रधान मन्त्री नरेन्द्र मोदी र मौरिससका प्रधानमंत्री नवीनचन्द्र रामगुलामबीच आज वाराणसीमा द्विपक्षीय वार्ता भएको छ । यसैबीच संयुक्त पत्रकार सम्मेलनमा बोल्दै प्रधानमन्त्री मोदीले, 'भारत र मौरिसस दुई राष्ट्र हुन् तर हाम्रो सपना एउटै रहेको बताउनुभयो। श्री मोदी भन्नुभयो भारतले जहिले पनि मौरिससको उपनिवेशीकरणको उन्मूलन र यसको सार्वभौमिकताको पूर्ण मान्यताको समर्थन गरेको छ । उहाँले भन्नुभयो, ऊर्जा सुरक्षा द्विपक्षीय साझेदारीको एक महत्त्वपूर्ण स्तम्भ हो।

**ममता-ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले स्वामी विवेकानन्दको 1893 सालमा शिकागोमा आयोजित 'विश्व धर्म महासभा'-मा दिएका त्यस ऐतिहासिक भाषणको 132औं वर्षगाँठमा उहाँलाई स्मरण गर्नुभयो। एक सोशल मीडिया पोस्टमा सुश्री ब्यानर्जीले भन्नुभयो " आज शिकागोमा स्वामी विवेकानन्द दिएका ऐतिहासिक भाषणको वर्षगाँठ हो। उनको सार्वभौमिक भाइचारा, सद्भाव औ स्वीकार्यताको सशक्त सन्देशले आज पनि सारा दुनियाँलाई प्रेरित गरिरहेको छ। महान आध्यात्मिक नेता औ दूरदर्शीलाई मेरी विनम्र श्रद्धाञ्जली। विवेकानन्दको धार्मिक सहिष्णुता, शान्ति एवं एकताको सन्देश आज पनि वैश्विक स्तरमा त्यति नै प्रभावशाली छ जतिबेला दुनियाँले विभाजन तथा संघर्षको सामना गरिरहेको छ।

**नेपाल-अंतरिम सरकार**

नेपालको राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिधिभित्र रहेर देशको वर्तमान चुनौतीलाई सम्बोधन गर्न आफूले हरसम्भव प्रयास गरिरहेको बताउनु भएको छ। यसैबीच देशको वर्तमान राजनीतिक परिस्थितिसँग जुध्न, संवैधानिक मूल्यमान्यतालाई आत्मसात् गर्न र भ्रष्टाचार र अनियमितता रोक्नका लागि राष्ट्रपतिसँग सहकार्य गर्न नागरिक समाजका विभिन्न सङ्घसंस्थाले युवालाई आग्रह गरेका छन् ।

यसैबीच काठमाडौं उपत्यकामा भने भोलि बिहान ६ बजेसम्म कर्फ्यु जारी रहनेछ। अन्य धेरै क्षेत्रमा पनि कर्फ्यु र निषेधाज्ञा बढाईएको छ। अर्कोतिर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ भने पर्यटकलाई विमानस्थलसम्म पुर्‍याउन सुरक्षाकर्मीले सहयोग गरिरहेको बताइएको छ।

**हेल्पलाइन**

नेपालमा अलपत्र परेका पर्यटकको सकुशल फिर्तीका लागि पश्चिम बंगाल पुलिसले विशेष हेल्पलाइन नम्बर जारी गरेको छ। उक्त हेल्पलाइनमार्फत दार्जिलिङ जिल्ला हुँदै भारत फर्कन पर्यटकलाई आवश्यक सहयोग गरिनेछ। पुलिसले सोसियल मिडिया मार्फत एक विज्ञप्ति जारी गर्दै पानीट्यांकी वा पशुपति चेकपोस्टबाट भारत फर्कन चाहने कुनै पनि यात्रीहरुले मदतका लागि 9147889078 नम्बरमा फोन अर्थात व्हाट्सएप मार्फत सम्पर्क गर्नुसक्नेछ भने ल्यान्डलाइन नम्बर 0354-2252057 मा सिधा मद्दत लिन सक्नेछन। यो हेल्पलाइन ह्वाट्सएप र भ्वाइस कल दुवैमा सक्रिय छ।

**पुलिस-सहायता-केन्द्र**

छिमेकी राष्ट्र नेपालको अस्थिर स्थितिलाई मध्यनजर गर्दै त्यहाँबाट फर्किरहेका मानिसहरूको सहयोगको लागि दार्जीलिङ जिल्ला पुलिसले नयाँ पहल शुरू गरेको छ। नेपालमा छाएको अशान्तिपछि केही भारतीयहरू फर्किरहेका छन् जसमा अधिकांश कामगारहरू छन् जो कमाउनको लागि नेपाल गएका थिए। यस्तो स्थितिमा मानिसहरूलाई सहयोग पुर्‍याउनको लागि दार्जीलिङ जिल्ला पुलिसको तर्फबाट नेपाल-भारत सीमाना पानीट्याङ्कीमा एउटा सहायता केन्द्र खोलिएको छ। उक्त सहायता केन्द्र मार्फत पुलिस अधीक्षक प्रवीण प्रकाश लगायत अन्य पुलिसकर्मीहरूले मद्दतको हात बढ़ाइरहेका छन्। मुख्यमन्त्री ममता ब्यानर्जीको निर्देशमा पुलिसले एक हेल्पलाइन नम्बर पनि शुरू गरेको छ जहाँ नेपालमा फसेका भारतीयहरूले सम्पर्क गरिरहेका छन्। यस अतिरिक्त सशस्त्र सीमा बलले नेपालका नागरिकहरूमाथि नजर राखिरहेको छ ताकि यो सुनिश्चित गर्न सकियोस् कि उनीहरू भारतमा प्रवेश गर्न नसकुन्।

**टेट**

राज्यको राजधानी कोलकातामा शिक्षक भर्तीका उम्मेदवारले बिहीबार फेरि विरोध प्रदर्शन गरेका छन्। सन् २०२२ मा टेट परीक्षा उत्तीर्ण भएका परीक्षार्थीहरू अन्तर्वार्ताको माग गर्दै सडकमा उत्रिए र सभातर्फ मार्च गर्ने प्रयास गरे। धर्मतला क्षेत्रमा सुरु भएको विरोध प्रदर्शन एस्प्लेनेड मेट्रो स्टेशन नजिकै पुलिस र उम्मेदवारहरूबीच झडपमा परिणत भयो। पुलिसले ब्यारिकेड राखेर आन्दोलनकारीलाई रोक्न खोजे, तर प्रदर्शनकारीले ब्यारिकेड तोडेर सभातर्फ अघि बढ्न थाले। जब प्रदर्शनकारीहरू विधानसभाको गेट नम्बर २ अगाडि धर्नामा बसेका थिए तब स्थिति थप बिग्रिएको थियो। पुलिसले धारा १४४ लागू गरेको भन्दै उनीहरूलाई त्यहाँबाट जान भन्यो तर आन्दोलनकारीहरू अडानमा रहे।

**आत्माहत्या**

आत्माहत्या जस्तो मानवीय दुस्कृतीलाई जरैदेखि उखेल्नु पर्छ भन्ने लक्ष्यको साथमा विश्व आत्महत्या निवारण दिवसको अवसरमा हिजो श्रीरामकृष्ण बी.टी. (बी.एड.) कलेज, दार्जिलिङको आन्तरिक गुणस्तर आश्वासन कक्ष (IQAC) द्वारा "विद्यार्थीमा मानसिक स्वास्थ्य र आत्महत्याको प्रवृत्ति एवं निवारण" विषयमा एकदिवसीय गोष्ठी सफलतापूर्वक सम्पन्न गरियो। कलेज सम्मेलन हलमा आयोजना गरिएको कार्यक्रमको उद्देश्य विद्यार्थी मानसिक स्वास्थ्यप्रति सचेतना जगाउने, आपसी बुझाइ बढाउने र आत्महत्या निवारणका उपायहरूलाई जोड दिने थियो।

**खरसाङ**

खरसाङ नगरपालिका अन्तर्गत नयाँबजार सार्वजनिक भवनमा आयोजना गरिएको 'द्वारे सरकार' तथा 'एपीएएस' शिविरको निरीक्षण पश्चिम बङ्गाल सरकारका श्रम विभागका अतिरिक्त सचिव सहन सेनले गर्नुभयो। निरीक्षणका क्रममा उहाँले शिविरमा उपस्थित लाभार्थीहरूसँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या, आवश्यकताहरू तथा योजनासम्बन्धी जिज्ञासाहरू बुझ्नुभयो। यस संवादको उद्देश्य आधारभूत तहमै समस्याहरू बुझेर पात्र लाभार्थीलाई छिटो र पारदर्शी ढङ्गले सरकारी योजना

उपलब्ध गराउनु रहेको थियो।कार्यक्रममा सचिव सहन सेन वाहेक अन्य उच्च अधिकारीहरू प्रसेनजित चौधरी (डीएमडीसी, डब्ल्युबीसीएस), लादेन लेप्चा (डब्ल्युबीसीएस), खरसाङ नगरपालिकाका कार्यकारी अधिकारी कैलाश प्रसाद (डीएमडीसी, डब्ल्युबीसीएस) खरसाङका एसडीओ विन्दाबासी तेजा दीपक खरसाङ नगरपालिकाका अध्यक्ष ब्रिगेन गुरुङ, उपाध्यक्ष सुभाष प्रधान प्रमुख रूपमा रहेका थिए।

**(DLSA)**

सिलिगुडीको दागापुरस्थित भारतीय कानूनी अध्ययन संस्थान - ले जिल्ला कानूनी सेवा प्राधिकरण (DLSA) सँगको सहकार्यमा नि:शुल्क कानूनी सहायता एवम् सचेतना शिविर रिम्बिक क्षेत्रको बाँसबोटेको सार्वजनिक भवनमा सफलतापूर्वक सम्पन्न गर्यो। कार्यक्रममा क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीहरू, ग्राम पंचायत प्रतिनिधिहरू, शिक्षक शिक्षिकागण लगायत अभिभावकहरुको बाक्लो उपस्थिति रहेको थियो।

कार्यक्रममा पोक्सो अथवा यौन अपराधबाट बालबालिकाको संरक्षण ऐन, २०१२, मानव बेचबिखन (रोकथाम) ऐन, १९५६, एफ आइ आर, जी डी जस्तो विषयमा संस्थानबाट आएका आशिम एरिक घतानी - कानूनका सहायक प्राध्यापक, धनुषी गुरुङ, पूरब शर्मा अनि जोइष्णा लिम्बूले विस्तृत रूपमा उपस्थित सबैलाई जानकारी गराए भने पी एल भी सुरेन सुब्बाले उपस्थित सबैलाई दार्जीलिङ्ग जिल्ला कानुनी प्राधिकरणले कानुनी सहायता कसरी दिन्छ भन्ने विषयमा विस्तृत रूपमा जानकारी दिए। शिविरमा कानूनी जागरूकता मात्र नभई कानूनको क्षेत्रमा करियर विकासका अवसरहरूको बारेमा पनि मार्गदर्शन प्रदान गर्दै विद्यार्थीहरूसँग अन्तरक्रियात्मक सत्र पनि सञ्चालन गरिएको थियो।

**अन्तर प्राथमिक पाठशाला**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्राथमिक शिक्षा विभागको आयोजनामा खरसाङमा दोस्रो अन्तर प्राथमिक पाठशाला प्रश्नोत्तर प्रतियोगिता 2025 सम्पन्न भएको छ। सन्त अल्फन्सेस विद्यालयमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ उपस्थित रहेका थिए भने विशिष्ट अतिथिको रुपमा जीटीएको डेपुटी चेयरम्यान एंव प्राथमिक शिक्षा विभागको प्रभारी सभासद राजेस चौहान, कार्यकारी सभासद कल्पना प्रधान, सभासदहरु नवराज छेत्री, श्याम शेर्पा, नुरी शेर्पा, खरसाङ पञ्चायत समितिको सभापति अनु छेत्री, खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान, दिवस छेत्री, पञ्चायत प्रधानहरु, एसआई, एएसआई, बोर्ड सदस्यहरु, प्रधान अध्यापक, प्रधान अध्यापिकाहरु र शिक्षक शिक्षिकाहरु उपस्थित रहेका थिए। शिक्षिका पासाङ लक्की शेर्पाले सञ्चालन गरेका प्रतियोगितामा खरसाङ क्षेत्रका छवटा युनिटका विद्यार्थीहरुले भाग लिएर थिए। यसबाट चारजना विद्यार्थी नानीहरु सुकनामा हुने फाइनलको लागि चयन भएका छन् जसमा देविका राई, केसाङ शेर्पा, निरक्षा राई र पंकज प्रधान चयन भएका छन्।

****** ० ******